# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
उमाकुण्ड गाउँकार्यपालिका कार्यालय,
प्रिति, रामेछाप ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट उमाकुण्ड गाउँकार्यपालिका कार्यालयको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ६३ लाख ६५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१७ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु.७२ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० लाख २० हजार रहेको र पेश्की रु.२ करोड ६२ लाख ७४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।९ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना **२३** यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# उमाकुण्ड गाउँकार्यपालिका कार्यालय
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यलेउमाकुण्ड गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउपालिका अर्न्तगत ७ वडा रहेको ३८ सभा सदस्य ४५१.९९ व.कि.मी. क्षेत्रफल १७६०१ जनसंख्या र तिन नंम्वर प्रदेशमा अवस्थित छ। यस गाउपालिकाको केन्द्र प्रिति रामेछापमा रहेको छ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमउमाकुण्ड गाउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारवाट संचालन भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु तथा पुजीगत खर्च** | १५४३३४६६९.४० |
| | क) नगद | ७३९८/- | २ | **सशर्त अनुदान** | |
| | ख) बैंक | ५६१३३३२.९० | | १ जनस्वास्थ्य | १४४४९८८९.२५ |
| २ | **राजस्व (आन्तरिक आय)** | | | २ शिक्षा | ६६५६७३३०.८९ |
| | क) आन्तरिक राजस्व | ११९४१६४/- | | ३ कृषि विकास | ९५३६४०/- |
| | ख) राजस्व बाँडफाँड | ० | | ४ पशु सेवा | २९५७१०/- |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | **वित्तीय समानीकरण अनुदान** | १६६३३४००० | | क) ऋण भुक्तानी | ० |
| | **सशर्त अनुदान** | | | ख) ब्याज भुक्तानी | ० |
| | १ जनस्वास्थ्य | १७१२१००० | | ग) अन्य भुक्तानी | ० |
| | २ शिक्षा | ६८०६२००० | ४ | **लगानी** | |
| | ३ कृषि विकास | ९६०००० | | ऋण तथा शेयर लगानी | ० |
| | ४ पशु सेवा | ५९१००० | | अन्य लगानी | ० |
| ४ | **संघीय सरकारवाट स्वीकृत कार्यक्रमको निकासा** | | ५ | **संघीय सरकारवाट स्वीकृत कार्यक्रम खर्च** | |
| | (क) जेष्ठ नागरिक दीर्घसेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ४१८५९०००/- | | जेष्ठ नागरिक दीर्घसेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ४१७३८०००/- |
| | (ख) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु/ पुजीगत | ११७००००/- | | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु/ पुजीगत | १०७५१४८/- |
| | (ग) गरिवंसग विश्वेश्वर कार्यक्रम | ४२९०००/- | | गरिवसंग विश्वेश्वर कार्यक्रम | ४२९०००/- |
| | (घ) साना सिचाई कार्यक्रम | ११६५३०००/- | | साना सिचाई | २९७६८२६/- |
| | | | ६ | **निकासा कोलेनिका फिर्ता** | ११९०००००/- |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **०** | ७ | **मौज्दात** | |
| ६ | **अन्य अनुदानहरु** | | | क) नगद मौज्दात | ० |
| | जि.स.स.(पुल हेरालु) | ९६०००/- | | ख) बैंक मौज्दात | २०८५७६७२.३६ |
| ७ | **धरौटी** | ४८७९९१ | | ख) फ्रिज गरेको | ० |
| | **जम्मा** | **३१५५७७८८५.९०** | | | |
| | | | | **जम्मा** | **३१५५७७८८५.९०** |

***गत वर्षको नगद मौज्दात*** *: गाउँपालिकाको वडा नं. २ र ६ वाट गतवर्ष दाखिला गर्न वाकी रहेको नगद मौज्दात रु.७३९८।- रहेको रकम मध्ये ६९५४।- जिसस कोषमा जम्मा गरेको छ भने रु.४४४।- गाउपालिका संचितकोषमा दाखिला गरेको छ ।*

| *वेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रै पारित गर्नुपर्ने व्यवस्था छ । जनप्रतिनिधी निर्वाचित भएपछि गाउपालिकाको पहिलो गाउसभा २०७४।३।३० मा वसेको छ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।<br>• स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा ११ वमोजिम गाउपालिकाले कम्तीमा २२ वटा भन्दा वढी कानून वनाई लागु गर्नुपर्नेमा ५ वटा मात्र निर्माण गरेको भए पनि राजपत्रमा प्रकाशित नगरेको<br>• गाउपालिकाले अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरु काम तोकिएको समय भित्रै आंशिक रुपमा सम्पन्न गरेको छ ।<br>• सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ वमोजिम खरिद योजना वनाइ खरिद भएको छैन<br>• सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) वमोजिम इकाई स्थापना गरेको छैन<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको पाइएन ।<br>• कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको पाइएन ।<br>• जिन्सी निरीक्षणमा उल्लेख भएका व्यहोराको कारबाही गरेको देखिएन ।<br>• सवै सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक रहेको छैन ।<br>• सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिकरुपमा मात्र गरेको छ ।<br>• सञ्चालित कार्यक्रम सवै अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ । | |

| *वेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|

३. **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था व्यवस्थानुसार गाउपालिकाले ५ सदस्य रहेको समिति गठन गरेको छ । सो समितिको २०७४।३।२४ मा वसेको वैठकले आगामी वर्षको लागि कानूनको व्यवस्था अनुसार आय केन्द्रवाट प्राप्त हुने संघीय सरकारवाट प्राप्त हुने अनुदानहरु वित्तीय समानिकरण रु.१६,६३,३४,०००।- आन्तरिक आम्दानी रु.१४,५५,०००।- समेत कूल रु.१६,७७,८९,०००।- अनुमानित आय वजेट प्रस्ताव गरेको छ । गाउ कार्यपालिका संचित कोषको मौज्दात तथा सर्शत अनुदान वजेटमा समावेश छैन । पहिलो गाउसभा २०७४।३।३० ले वजेट तथा कार्यक्रम पारित गरेको छ । मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तर सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम आयोजना प्राथमिकिकरण गरी वजेट खर्च प्रस्ताव भएको पाइएन ।

४. **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम उमाकुण्ड गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ

५. **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १०.४१ प्रतिशत, दोश्रो चौमासिकमा १४.१९ प्रतिशत र तेश्रो चौमासिकमा ७५.४० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ५०.४२ प्रतिशत खर्च देखिनुले आ.व.को अन्तमा खर्चको चाप वढेको देखिएको हुदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अन्तिम चौमासिक खास गरी असार महिनामा हतार हतारमा कार्यक्रम संचालन गर्दा सेवा प्रवाहमा असर पर्नाको साथै गुणस्तरमा समेत नकारात्मक स्थिति रहने हुदा आवधिक वजेट सीमा तोकी खर्च गर्नुपर्ने देखियो ।

(रु.हजारमा)

| **वजेट उपशीर्षक** | **कूल खर्च** | **चौमासिक खर्च** | | | **असार महिना** |
|---|---|---|---|---|---|
| | | प्रथम | द्बितीय | तृतीय | |
| पुजीगत वजेट | २८२८८० | २९४५८ | ४००६१ | २१३३०१ | १४२६१८ |
| खर्च प्रतिशत | १०० | १०.४१ | १४.१९ | ७५.४० | ५०.४२ |

६. **कर्मचारी व्यवस्था :** नेपाल सरकारकोस्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयमा यस गाउपालिकामा २१ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पछिल्लो पत्रवाट दरवन्दी रहने देखिएको मध्ये

| *बेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|
| | प्रमुख प्रशासकिय अधिकृत सहित १४ पदहरु पूर्ति भई ७ पद रिक्त रहेको पाइयो । रिक्त पद मध्ये ४ जना करारमा राखी काम गराएको छ । आवश्यक कर्मचारी व्यवस्थापन नहुंदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो । | |
| ७. | **प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालिका तथा नगरपालीकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग मा पठाउनु पर्ने छ । यस गाउपालीकाले ऐनमा उल्लेख गरे अनुसार आय व्ययको चौमासिक शिर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन । | |
| ८. | **कारोवारको लेखाः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(२) मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राहिबाट प्राप्त हुन आएको राजश्वको सम्बन्धित आय शीर्षक खातामा प्रविष्ट गरी स्रेस्ता राख्नु पर्नेछ । त्यसरी जम्मा गरिएको वैंक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वारा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नु पर्नेछ । यस गाउपालिकाका  वडा कार्यालयहरुले उठाएको राजश्व दैनिक आम्दानी अभिलेख नगदी रसिद अनुसार राखी सोको वैक सहितको दाखिला अभिलेख को आधारमा भौचर संलग्न गरी गोश्वरा भौचर उठाई लेखा राखेको पाइएन । नियमानुसार वडा कार्यालयहरुको समेत आम्दानी जनाई सो रकम वैंक जम्मा गरी गोश्वारा भौचर उठाई लेखा राख्ने व्यवस्था हुनु पर्दछ । | |
| ९. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १०. | **न्याय सम्पादन -** गाउपालिकामा योवर्ष मुद्दा दर्ता ३२ भएकोमा सोमा मेलमिलाप टुङ्गो लगाई २५ वटा फछ्र्यौट छ । बाँकी ७ मुद्धा  टुङ्गो लगाइ नसकी वांकी रहेको छ । | |
| ११. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १२. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । उमाकुण्ड गाउपालीकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउपालिका कार्यक्षेत्रको सडक सफाइ, फोहोर संकल जस्ता वातावरण सुधारको | |

| *बेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|
| | गाउपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ । | |
| १३. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाले आफ्नो क्षेत्रभित्रका व्यवसायीहरुको लगत राखेको छैन भने सभाले प्रस्ताव गरे अनुसार राजस्व असुल गरेको पाइएन ।.गाउपालिकाको आन्तरिक आय खर्चको तुलनामा ज्यादै न्यून रहेको र प्रस्ताव गरेको राजश्व पनि नउठाउदा स्रोत परिचालन नहुनको साथै व्यावसायलाई व्यवसायीलाई करको दायराभित्र ल्याउन सकेको छैन । अत आयस्रोतको क्षेत्र विस्तार तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । | |
| १४. | **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । यो वर्ष गाउपालिकाले यो वर्ष सिफारिस मालपोत नक्सापास लगायतको स्रोतवाट रु.१४ लाख ५५ हजार मात्रको आन्तरिक आय प्रक्षेपणगरेको छ । प्रक्षेपण गरिएको मध्ये रु.११,९४,१६४- मात्र संकलन भएको देखिएको छ । यसले गर्दा प्रक्षेपित राजश्व पनि नउठाउने र अध्याधिक चालु तथा प्रशासनिक कार्यमा खर्च हुने कार्यले गाउँपलिका आत्मनिर्भर हुनसक्ने देखिएन । गाउँपलिकाले आन्तरिक आयका क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गनुपर्ने देखिन्छ । | |
| १५. | **कोष व्यवस्थापन :** गाउपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरु स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ । गाउपालिकाको वैठकले विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरु खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभावाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधी तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| १६. | **नगदी रसिद :** गाउँपालिकाले आन्तरिक राजश्वको हिसाव पारदर्शी तथा नियन्त्रित राख्न नगदी रसिद तथा मालपोत रसिद छपाई गरी छपाई भएका प्याडहरु रसिद नियन्त्रण कितावमा राखी सोको अभिलेख जनाई वडाको राजश्व उठाउने कर्मचारीलाई वुझाउनु पर्दछ । यस प्रकार राजश्व उठाउने कर्मचारीले वुझि लगेका रसिद मध्ये काटि सकिएका ठेलि रसिदहरु गाउपालिकाले फिर्ता लिई सो वमोजिमको राजश्व वा मालपोत प्राप्त भए नभएको एकिन गरी राजश्व हिसाव फरफारख गर्नुपर्दछ । गाउपालिकाले छपाइ गरेका सवै नगदी रसिदको हिसाव रसिद नियन्त्रण खातामा राखेको छैन भने वडामा गएका नगदी रसिद तथा मालपोत रसिद जिम्मा लिनेवाट रसिद वमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत वनाएको छैन । यसले गर्दा गाउपालिकाको राजश्व संकलन तथा संचित कोष जम्मा सम्वन्धमा विश्वस्त हुने अवस्था देखिएन । गाउपालिकाले आर्थिक विवरणमा देखाएको स्थनीय संचित कोषमा जम्मा भएको आन्तरिक आम्दानी समेत कुन वडावाट जम्मा भयो के काति रसिदवाट सो रकम जम्मा भएको थियो सो को अभिलेख विना नै वैकमा जम्मा भएको आधारमा पनि आन्तरिक राजश्व हिसाव देखाएको छ । अत | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गाउपालिकाको छपाई भएका रसिद, रसिद अनुसारको राजश्व संकलन तथा सोको अभिलेख समेत सवै वडाको छानविन गरी वास्तविक राजश्व हिसाव देखाउनु पर्दछ । | |
| १७. | **तलवी प्रतिबेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुदैन । प्रतिवेदन पास नगरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम सरकारी बाकीसरह असुलउपर गरिनेछ भन्ने उल्लेख छ । नेपाल सरकारवाट गाउपालिकामा खटाइएका विषयगत कार्यक्रमका देहाय अनुसार कर्मचारीको तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलबी प्रतिबेदन पारित नगरी तलव खर्च लेखेको छ ।तलवी प्रतिवेदन पारित नगरी लेखेको तलव खर्च अनियमित हुने भएकोले कानूनको व्यवस्था अनुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ । | |

| सि.नं | विषयगत कार्यक्रमको नाम | वार्षिक तलव खर्च रकम |
|---|---|---|
| १ | गाउ कार्यपालिका अन्तरगतका कर्मचारी | २४,५३,९६३।३७ |
| २ | स्वास्थ्य अन्तरगत अस्पत्ताल स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिकहरुका कर्मचारी | ९२,४५,६५७।२५ |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १८. | **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । गाउ पालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउपालिकाको वैठकको निर्णयवाट आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित नगरी गरेको खर्च नियमित नदेखिएको रु | २०१००००/- |

| गो.भौनं. मिति | कार्यक्रम | सहायताको विवरण | सहायता पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| ७-०७४/९/१९ | वडा नं. ७ | आर्थिक सहायता | आगलागी पिढित | ३५०००/- |
| १९-०७४/११/१३ | वडा नं. १ | खेलकुद कार्यक्रम | श्री रातोतारा युवा क्लव | २०००००/- |
| २५-०७५/११/२९ | वडा नं. १ | नागरिक सम्मान | जेष्ठ नागरिक | ९७०००/- |
| ३५-०७४/१२/२९ | गापा | आर्थिक सहायता | फुटवल खेलाडी | ६५०००/- |
| ४०-०७४/१२/३० | वडा नं. | खेलकुद कार्यक्रम | श्री रातोतारा युवा क्लव | २८००००/- |
| ४१-०७४/१२/३० | वडा नं. | खेलकुद कार्यक्रम | श्री रातोतारा युवा क्लव | १९२०००/- |
| ४५-०७५/१/११ | वडा नं. ३ | खेलकुद कार्यक्रम | रामेछाप सास्कृतिक समाज | २४००००/- |
| ४६-०७५/१/१६ | गापा | खेलकुद कार्यक्रम | रामेछाप सास्कृतिक समाज | ३३६०००/- |
| ५१-०७५/२/८ | गापा | राहत | वाढी पहिरो | ८५०००/- |

| *बेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५९-०७५/२/८ | | राहत | पिढित आगलागी पिढित | ५००००/- |
| ६५-०७५/२/८ | वडा नं. ७ | आर्थिक सहायता | भुजी लिगमा सहभागी | ४८०००/- |
| १९०-०७५/३/१९ | वडा नं. २ | आर्थिक सहायता | दुर्घटनाका घाइते | ५००००/- |
| १९१-०७५/३/१९ | वडा नं. २ | आर्थिक सहायता | दुर्घटनाका घाइते | ५००००/- |
| २०९-०७५/३/२० | वडा नं. २ | आर्थिक सहायता | दुर्घटनाका घाइते | ५००००/- |
| २०७ - ०७५/३/२० | गापा | सगरमाथा आरोहण | प्रकाशराज पाण्डे | १९२०००/- |
| २५२-०७५/३/२४ | वडा नं. १ | कमजोर आर्थिक स्थिति | कमजोर आर्थिक स्थिति भएका | ४००००/- |
| | | | **जम्मा** | **२०१००००/-** |

१९. **पदाधिकारीको सुविधा :**स्थानीय तहकापदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसूचि २ वमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसूचि १ बमोजिमको नवढने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउने व्यवस्था छ । गाउपालिकाले यो वर्ष पदाधिकारीलाई अनुसूचीमा तोकिएको सुविधा रु.४७,४९,२६६।३३ का अलावा संचार वापत रु.११३४००।- समेत जम्मा रु.४८६२६६६।३३ खर्च लेखेको छ । गाउपालीकाको बजेट अनुमानमा अन्तरिक स्रोत रु.१४,५५,०००।- आय हुने अनुमान गरिएकोमा रु.११,९४,१६४।- मात्र आम्दानी भएको छ । ऐन मा आन्तरिक स्रोत समेतको आधारमा पारिश्रमिक सुविधा पाउने उल्लेख भएपनि सो आधारमा पारिश्रमिक तय गरेको छैन

२०. **कानून वन्नुभन्दा अगाडिको सुविधा :** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसूचि २ वमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसूचि १ बमोजिमको नवढने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउने व्यवस्था गरी ३ नं. प्रदेश सरकारले ऐन २०७५।१।२० मा जारी गरेको छ । सो ऐनमा पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि सुविधा पाउने उल्लेख छ । कानून वन्नु भन्दा अगाडिका अवधीको सुविधा दिनेगरी भुतप्रभावी कानून निमार्ण गर्दा रु.३८,७१,९३८।- थप व्ययभार परेको छ । यस प्रकारले कानून निर्माण गर्ने कार्य उपयुक्त देखिएन ।

**पुँजीगततर्फ :**

२१. **फरक दरबाट लागत अनुमान तयार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा लागु हुने गरी निर्माण सामग्री ढुवानीको दररेट मेशिन तथा उपकरणको भाडा, कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको समितिले निर्धारण गरी लागु गर्ने व्यवस्था छ । यस गाँउपालिकाले लागत अनुमान तयार गर्दा Hydralic Excavator (11 to 150 HP up to 80m$^3$) को भाडा नरम तथा कडा माटाको लागि रु.३,६८०।- र सबैप्रकारको चट्टानको लागि रु.३,७००।- प्रतिघण्टाका दरले लागत अनुमान गरेको छ । यस जिल्लामा अन्य नगरपालिका तथा गाउँपालिका रामेछाप,

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

लिखु तामाकोशी लगायतले सोही मेशिन भाडा सबैप्रकारको माटोको लागि रु.१,८००।- र सबैप्रकारको चट्टानको लागि प्रतिघण्टा रु.२,१००।- का दरले लागत अनुमान गरेको छ । यसरी मेशीभाडा दर वढी राखी लागत अनुमान गरेको कारणले देहाय अनुसार अन्य नगरपालिका गाउँपालिकाभन्दा बढी परेको छ ।

| विवरण | यस गा.पा.को दर (प्रति घ.मी.) | लिखु तामाकोशी गा.पा. र रामेछाप न.पा. को दर (प्रति घ.मी.) | फरक (प्रति घ.मी.) |
|---|---|---|---|
| नरम माटो | ५४.४४ | ३७.८७ | १८.५६ |
| कडा माटो | ७९.५५ | ५५.७० | २३.८५ |
| नरम चट्टान | १५५.६९ | ११५.०९ | ४०.६० |
| मध्यम चट्टान | १५५.६९ | ११५.०९ | ४०.६० |
| कडा चट्टान | २६८.७८ | १९८.७० | ७०.०८ |

उपरोक्त फरक दरबाट लागत अनुमान गरी सोही दरमा उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउंदा अन्य गाउँपालिकाको तुलनामा दररेट बढी राखेको कारण उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गएको छ । नियममा व्यवस्था भए अनुसार जिल्ला दररेट समितिको दर तथा अन्य नगर तथा गाउँपालिकाको दरलाई आधार नलिई बढी लागत पर्ने गरी लागत अनुमान गर्ने कार्य नियमित देखिएन । यसरी लागत अनुमान गरको केही उदाहरणहरु देहाय अनुसार छन् । बढी लागत पर्ने गरी लागत अनुमान गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

| **भौ.नं. र मिति** | **कामको विवरण** | **इकाई** | **परिमाण** | **फरक रकम** |
|---|---|---|---|---|
| ९-२०७४/१०/५ | कालाचौतारा गुप्तेश्वर सडक | नरम माटो | ९१३४.९४ | १६९,५४४/४९ |
| | | कडा माटो | ६१४४.४६ | १४६,५४५/३७ |
| ३८-२०७४/१२/३० | गैरीगलम भित्तरी कालि सडक | नरम माटो | ३८१४.८३ | ७०,८०३/२४ |
| | | कडा माटो | ४२३.८७ | १०,१०९/३० |
| ३९-२०७४/१२/३० | सितुधारा लिखु सडक | नरम माटो | ९५७.९६ | १७,७७९/७४ |
| | | कडा माटो | २२३५.२४ | ५३,३१०/४७ |
| २२९-२०७५/३/२१ | च्यादलु डाडाखर्क सेतुधारा सडक | नरम माटो | १५२८.६६ | २८,३७१/९३ |
| १५५-२०७५/३/१७ | भित्तरी गुप्तेश्वर सडक | नरम माटो | ५७१२४.९ | १,०६०,२३८/१४ |
| | | कडा माटो | २०१२३.९३ | ४७९,९५५/७३ |
| २५४-२०७५/३/२५ | कालो चौतारा गलम सडक | नरम माटो | ७५०६.६५ | १३९,३२३/४२ |
| | | कडा माटो | ५८३.१२ | १३,९०७/४१ |
| ७४-२०७५/२/११ | कोतडाडा भीरखर्क | नरम माटो | ३८८२.२८ | ७२,०५५/१२ |
| | | कडा माटो | १५२४.६ | ३६,३६१/७१ |
| | | नरम चट्टान | १०१६.४ | ४१,२६५/८४ |
| | | मध्यम चट्टान | ० | - |
| | | कडा चट्टान | ४६५.१२ | ३२,५९५/६१ |
| २८७-२०७५/३/३१ | गुम्डेल वाम्ती | नरम माटो | १११७८.११ | २०७,४६५/७२ |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | सडक | कडा माटो | ५६७६.६५ | १३५,३८८/१० |
| | | नरम चट्टान | ५४१६.७८ | २१९,९२१/२७ |
| | | मध्यम चट्टान | ३३३७.९८ | १३५,५२१/९९ |
| | | कडा चट्टान | १२६९.३ | ८८,९५२/५४ |
| २२७-२०७५/३/२१ | गलम च्यादलु सडक | नरम माटो | ७०२४.९ | १३०,३८२/१४ |
| १९२-२०७५/३/१९ | वडा कार्यालयको जग सम्याउने | नरम माटो | ५६५२.५ | १०४,९१०/४० |
| | | | **जम्माः** | **३,३९४,७०९/७०** |

| | | |
|---|---|---|
| २२. | **नापीभन्दा बढी भुक्तानी :** कोलडांडा फास्तु डीलखर्क सडक ट्रयाक ओपन कार्यको भौ.नं. १० मिति २०७४।१०।५ मा संलग्न नापी अनुसार नरम प्रकारको माटो खन्ने काम २३०६ घ.मी. रहेको छ । सो कामको ठेक्का सम्बन्धी बिलमा ४११२.९५ घ.मी. समावेश गरी प्रति घ.मी. रु.७७।७४ का दरले रु.३,१९,७४०।७३ मूल्याङ्कन भई उपभोक्तासंगको सिफारिस अनुसार श्रमदान कटाई भुक्तानी दिएको पाइयो । कामको नापीभन्दा बढी मूल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी भएकाले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १,०५,४९९/२३ |
| २२.१. | यसैगरी वडा नं. ४ र ६ कालोचौतारा सिगटी गलम सडक निर्माण कार्यको भौ.नं.१७ मिति २०७५।३।१३ मा संलग्न नापी अनुसार नरम प्रकारको माटोको कामको नापी ३८३९.८० रहेकोमा सोको १८२६.२० मूल्याङ्कन गरी भुक्तानी दिएको छ । नापीभन्दा बढी १८६.४० घ.मि.मा उपभोक्ताको श्रमदान कट्टा गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. | ११,७२७/२१ |
| २३. | भौ.नं. २२९ मिति २०७५।३।३२ बाट च्यादलु डाडाखर्क सेतुधारा सडक स्तरउन्नती कार्यमा ३५ लाख बजेट विनियोजन गरेकोमा सो कामको रु.३७,९०,८५३।३९ लागत अनुमान स्वीकृत भई उपभोक्ता समितिसंग सो काम वापत रु.३३,६०,०००।- भुक्तानी दिने गरी सम्झौता भएको पाइयो । उक्त कार्यको कामको नापजांच मूल्याङ्कन गरी भौ.नं.६९, २२९ बाट रु.३३,६०,०००।- उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । सो सडक निर्माण सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् : | |
| २३.१. | **दोहोरो चेनेज :** उपभोक्ता समितिले पेश गरेको प्रथम बिलमा माटोको काम ०+००० देखि ३+९६० भित्र ५७० घ.मी. को भुक्तानी दिएको छ । दोस्रो रनिग बिलमा सोही चेनेजको काम ९५८.६६ घ.मी. को नापी देखाई भुक्तानी गरेको छ । एकै चेनेजमा दोहोरो नापी देखाई कुल १५२८.६६ घ.मी. कार्य देखाएको मध्ये ५७० घ.मी. दोहोरो भुक्तानी हुन गएको छ । अतः दोहोरो भुक्तानी रकम उपभोक्ताको श्रमदान कटाई असुल गर्नुपर्ने रु. | ३९,२७५/५० |
| २३.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था छ । यस सडक निर्माण कार्यको कुल रु.३७,४८,८५३।३९ बराबरको काम भएकोमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । नियमको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी नियमित गर्नुपर्ने देखिन्छ । | |
| २३.३. | भौ.नं. १५५ मिति २०७५।३।१७ बाट भित्तरी गुप्तेश्वर सडक स्तरोन्नती कार्यको तेस्रो रनिङ्ग बिलमा नरम माटो काट्ने कामको नापी अनुसार ४६१०७.०१ घ.मी. रहेकोमा सो कामको मूल्याङ्कन ४६,१६७.७६ घ.मी. देखाई भुक्तानी भएको पाइयो । नापीभन्दा बढी ६०.७५ घ.मी. को भुक्तानी भएकोले सोमा उपभोक्ताको अंश कटाई असुल गर्नुपर्ने रु. | ४,०६८/- |

| *वेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|
| २३.४. | भौ.नं. २५४ मिति २०७५।३।२५ बाट कालोचौचारा गलम सडकको फाइनल बीलको नापीमा चेनेज ०+००० देखि ८+१६० भित्र नरम माटोको कामको नापी अनुसार ७४४६ घ.मी. रहेको पाइयो । उक्त कार्यको ठेक्का बिलमा ७५०६।६५ घ.मी. समावेश गरी भुक्तानी भएकोले नापीभन्दा बढी परिमाण भुक्तानी भएकोले सोमा उपभोक्ता अंश कटाई असूल गर्नुपर्ने रु. | ३,८२६/- |
| २४. | **ग्यावियनभन्दा बढी बोल्डर प्याकिङ्ग देखाई भुक्तानी** : भौ.नं. २३६ मिति २०७५।३।२१ बाट सार्वजनिक निर्माणमा ग्यावियन प्रोटेक्सनको काम गर्दा ग्यावियन बक्स साइजको अनुपातमा बोल्डर प्याकिङ्गको भुक्तानी गर्नुपर्दछ । उमाकुण्ड २ लुगु पाखा रोशी सडक मर्मत कार्यमा १×१.५×१ साइजको ग्यावियन ७ थान र २×१×१ साइजको ग्यावियन १० थान प्रयोग भएको देखिएकोमा सोको क्षेत्रफल ३४.५ घ.मी. हुनेमा कार्यालयले ६२.५ घ.मी. बोल्डरप्याकिङ देखाई भुक्तानी गरेको पाइयो । ग्यावियनको क्षेत्रफलभन्दा वढी २८ घ.मी. को प्रति घ.मी. रु.२,४५३।८२ का दरले रु.६८,७०६।९६ भुक्तानी भएको छ । उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार उपभोक्ता अंश कट्टा गरी रु.५८,१३६।२२ बढी भुक्तानी भएको दिएको रकम असुल गर्नुपर्ने रु. | ५८,१३६/२२ |
| २५. | **माटोको परिमाण परिवर्तन :** मध्यमार्गी भुजी गुप्तेश्वर सडक प्रिती ४, ५ कावुकास्थली वाम्ती गुम्देल सडक निर्माण कार्यको उपभोक्ता समितिलाई चेनेज ०+०० देखि २+१०० भित्र सडक निर्माणमा नरम माटोको काम नापी अनुसार ३२५१७.१८ घमीको मुल्याङ्कन गरी गो.भौ.नं. ६२ वाट भुक्तानी दिएको छ । सोही कामको फाइनल वीलमा नरम माटोको परिमाण घटाई १९५९८.०४ मात्र मुल्याङ्कन गरी वाकी परिमाण कडा माटोमा परिणत गरी मुल्याङ्कन गरेको पाइयो । नरम माटोको कामको दर प्रति घ.मी. रु.७७.७४ र कडा माटोको दर प्रति घ.मी.रु.१०९.३६ रहेकोमा पहिल्यै भुक्तानी भइ सकेको घटी दर रहेको माटोको परिमाण घटाई वढी दररेट रहेको काम थपगरी मुल्याङ्कन गर्दा सो काममा रु.४४६८७३।०० वढी मुल्याङ्कन हुन गई उपभोक्ता समितिको श्रमदान कटाउदा रु.३८१६५२।०० वढी भुक्तानी भएको छ । यस प्रकार अघिल्लो वीलवाट भुक्तानी दिइसकेको नरममाटोको काम घटाई कडा माटोको कार्य परीमाण थप गरेवाट उपभोक्त समितिलाई वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट अशुल गर्ने रु. | ३८१६५२/- |
| २६. | **जस्तापाताको भुक्तानी :** जिदुकास्थली सडक निर्माण निर्माण गर्न उपभोक्ता समितिसंग रु.५४६१७४८।०० कार्य सम्पन्न गर्दा रु.४८,००,०००।०० भुक्तानी गर्ने गरी संझौता भएको थियो । सो सडकको गो.भौ.नं.२८८ मिति २०७५।३।३१ मा अन्तिम वील भुक्तानी गर्दा इष्टिमेटमा नभएको ३९७.७४ व.मी. जस्ता पाताको रु.१३२३४७।९९ सहित कुल रु.५४,२६,९९६।४५ मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । सडकको ट्र्याक तथा स्तरउन्नतीको कार्यमा जस्ता पाताको कार्य गर्न पर्ने नदेखिएकोले आवश्यकता वेगर नापीमा जस्तापाताको परिमाण समावेश गरी भुक्तानी दिनमिल्ने देखिएन । अतः उक्त खर्च गर्नुपर्ने आधार सहित प्राविधिक पुष्ट्याई पेश गनुपर्ने अन्यथा उपभोक्ता श्रमदान कटाई अशुल गर्ने रु. | ११६३१२.६४ |
| २७. | **वढी दरको परिमाण मुल्याङ्कन गरी वढी भुक्तानी :** कालो चौतारा भुजी सडक स्तर उन्नती कार्यमा उपभोक्ता समितिलाई प्रथम रनिङ बीलको मुल्याङ्कनवाट नरममाटो ९१३४.९४ घ.मी.र कडा माटो ६१५५.४६ घ.मी. काम भएको रु.१३,८३,३११.३४ मुल्याङ्कन भई सो मा संझौतानुसारको श्रमदान कटाई रु.१०,००,०००।०० भुक्तानी भएको थियो । साही कामको दाश्रो रनिङ वीलमा नरम माटोको काम ६७०.८० घ.मी. र सोलिङको काम ७६१.८० घ.मी. को रु.२३६६४९६.३९ मुल्याङ्कन भई सोको रु.२२,३२,०००।०० भुक्तानी भएको थियो । सो सडकको फाइनल वीलमा नरम माटो २६११.५६ घ.मी.र कडा माटो १०४००.३१ घ.मी. | १९८४२२/- |

| *वेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|

र सोलिङ १४६०.७० को रु.५७,७८,००९।५२ मुल्याङ्कन भएको छ । प्रथम वीलवाट भुक्तानी भईसकेको नरम माटोको परिमाण घटाई अन्तिम वीलमा वढी दररेट रहेको कडा माटोको परिमाण थप गरी मुल्याङ्कन गर्दा उपभोक्ता समितिलाई वढी भुक्तानी हुन गएको छ । यस प्रकार अघिल्लो वीलवाट भुक्तानी दिइसकेको नरममाटोको काम घटाई कडा माटोको कार्य परीमाण थप गरेवाट उपभोक्त समितिलाई वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट अशुल गर्ने रु.

२८. **रकमान्तर स्वीकृत नगरी खर्च :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ४० अनुसार एक कार्यक्रममा रकम अर्पयाप्त भई अर्को कार्यक्रमवाट खर्च गर्नुपरेमा रकमान्तर स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कालो चौतारा भुजी सडक स्तर उन्नती कार्यको लागि रु.४५ लाख वजेट विनियोजन गरेकोमा सो कार्यमा सडक निर्माणमा रु.५० लाख ४० हजार र दैनिक भत्ता लगायतको कन्टेन्जेन्सीमा र.१,७६,८००।०० समेत कूल रु.५२१६८००।०० खर्च गरेको पाइयो । स्वीकृत वजेट भन्दा वढी रु.७१६८००।०० खर्च भएकोमा गाउपालिकाले सोकार्यको रकमान्तर स्वीकृत नगरी खर्च गरेको हुदा रकमान्तर स्वीकृत वेगरको खर्च नियमित नदेखिएको रु. ७१६८००/-

२९. **विद्यालय भौतिक सुधार** : गाउपालिकाले विद्यालय सुधारको लागि खानेपानी चौर सम्याउने मर्मत सम्भार तथा संरक्षण कार्यको लागि ८ वटा विद्यालयका नाममा रकम जम्मा गरेको देखियो । उल्लेखित सुधार कार्य गर्ने काम शिक्षा मन्त्रालयको भौतिक सुधार कार्यक्रम अन्तर्गत पर्ने भएकोले गाउपालिकाले यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार देखिएन । यसरी गरिएको कार्यमा कुल खर्च रु.१२,७५,५०८।०२ मध्ये रु.९,६०,०००।- भुक्तानी दिएको छ । उक्त भुक्तानी दिदां ८ विद्यालय मध्ये देहाय अनुसार विद्यालयले कार्य सम्पन्न भएको सिफारिस सहित भुक्तानीको लागि अनुरोध समेत गरेको पाइएन । अतः कार्यक्रममा दोहोरोपना हुने गरी कार्यक्रम संचालन गर्नु नियमित देखिएन । विद्यालयले कार्य सम्पन्न भएको सिफारिस सहितको कार्यसम्पन्न प्रतिवेदन वेगर भुक्तानी दिएकोले आवश्यक प्रमाण वेगको भुक्तानी नियमसंगत नदेखिएको रु. ३,६०,०००/-

| सि.नं | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १. | हिमालय प्रा.वि. | १,२०,०००/- |
| २. | पवित्र नुम्बुर प्रा.वि. | १,२०,०००/- |
| ३. | उमातिर्थ प्रा.वि. | १,२०,०००/- |
| | **जम्माः** | **३,६०,०००/-** |

३०. **पदाधिकारीको लागि मेशिन खरिद** : भौ.नं. ४३ मिति २०७५।१।११ बाट गाउंपालिका वडा नं. ३ का अध्यक्षको उपचारको लागि माष्टर भि थ्रि थेरापी मेशिन खरिद गर्ने उपचार अवधिमा सो मेशिन वडा अध्यक्षको निवासै राखी प्रयोग गर्ने र निजको उपचार पश्चात स्वास्थ्य चौकी कुवुमा राख्ने निर्णय गरी गाउंपालिकाले ह्यापी फिट्नेस प्रा.लि., ललितपुरबाट मेशिनको मूल्य रु.३,३२,०६०। र प्रशिक्षण शुल्क रु.४२,९४०।- सहित कुल रु.३,७५,०००।- मा खरिद गरेको पाइयो । स्थानीय स्वास्थ्य चौकी उल्लेखित सुविधा दिनको लागि पूर्वाधार नवनेको, सञ्चालनका लागि जनशक्ति तयार नभएको स्थितिमा वडा अध्यक्षको घरमा मेशिन राख्ने गरी मेशिन खरिद गर्नु उपयुक्त देखिएन । यसप्रकारका निर्णय गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । यस प्रकार व्यक्ति लक्ष्यित गरी खरिद गरिएको मेशिनको भुक्तानी नियमित नदेखिएको रु. ३,७५,०००/-

३१. **कृषि कार्यक्रम** : भौ.नं. १५ मिति २०७४।१०।२३ बाट विषयगत कार्यालय अन्तर्गका कार्यहरु १,३९,८७५/-

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सञ्चालन गर्दा साविकमा ती कार्यालयले सञ्चालन गर्दै आएका नर्म्स तथा निर्देशिका अनुसार गर्नुपर्दछ । गाउंपालिकाले कृषितर्फ छुट्याएको बजेटबाट किवी फलका विरुवा वितरण गर्न शैलुग एग्रिकल्चर प्रोडक्टबाट प्रति विरुवा रु.११०। का दरले २५४५ विरुवा रु.२,७९,७५०। मा खरिद गरी १८८ कृषकलाई वितरण गरेको छ । उक्त कार्यक्रम कृषि मन्त्रालयको कृषि प्रसार निर्देशिकामा ५० प्रतिशत अनुदान दिने व्यवस्था भएकोमा कार्यालयले उक्त निर्देशिकाको पालना नगरी पुरै अनुदान दिएको छ । यसरी अनुदान दिनले बढी व्ययभार पर्नाको अतिरिक्त मौजुदा नीतिको पालना हुन सकेन । यसप्रकार पुरै मूल्य अनुदान दिई भुक्तानी भएको खर्च नियमित नदेखिएको रु. | |
| ३१.१. | भौ.नं. ६७ मिति २०७४।१०।२९ बाट किवी खेती विस्तार कार्यक्रम अन्तर्गत वडा नं १ ले नुम्बुर एग्रोबाट १२२५ गोटा किवी फलका विरुवा प्रति गोटा रु.२००।- ले रु.२,४५,०००।- खरिद मूल्य मध्ये मूल्य अनुदान न्यून कटाई रु.१,९२,०००।- भुक्तानी गरेको छ । उक्त विरुवा ५७ जना कृषकलाई वितरण गरेको भरपाई संलग्न छ । कृषि मन्त्रालयको नर्म्सभन्दा बढी हुने गरी मूल्य अनुदान दिने र साविकमा प्रतिगोटा विरुवा ११० खरिद गरेकोमा यस कार्यक्रममा प्रति गोटा २०० ले खरिद गर्न सकिने आधार देखिएन । अतः मूल्य अनुदान बढी दिएको तथा खरिद मूल्य प्रतिगोटा रु.९०।- ले बढी भुक्तानी भएको रकम नियमित नदेखिएको रु. | १,७९,७५०/- |
| ३२. | **अनुत्पादक खर्च** | |
| ३२.१. | कार्यालयले लक्षित समूह अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्दा रोजगारी सिर्जना हुने पूंजी वृद्धि हुने कार्यमा खर्च गर्नुपर्दछ । कार्यालयले भौ.नं. १६ मिति २०७४।११।३ मा दोस्रो रामेछाप भलिवल प्रतियोगिताको सहयोगार्थ सु.प. विकास क्षेत्रका टेक बहादुर मिजारलाई रु.१,५०,०००। र मन्थली युनाइटेड समाजका उज्वल दाहाललाई रु.५०,०००। समेत रु.२,००,०००। सहयोग दिएको छ । उल्लेखित सहयोग संस्थाका नाममा नदिई व्यक्तिको नाममा पठाउने कार्य र सो वापत पूंजी वृद्धि तथा रोजगारी सिर्जना हुने स्थिति नदेखिएकोले यसप्रकारको खर्च नियमित नदेखिएको रु. | २,००,०००/- |
| ३२.२. | यसैगरी कार्यालयले खेलकूद कार्यक्रम अन्तर्गत उपरोक्त खर्चका अलावा देहाय अनुसार खर्च गरेको छ । उक्त खर्चको उपादेयता गाउंपालिकाले पाउने सहयोग तथा रोजगारी तथा पूंजी वृद्धि हुने विषयमा आश्वस्तता हुने गरी रकम सहयोग पाउनेसंग सम्झौता गरेको पाइएन । गाउपालिकाको आफ्नो आन्तरिक आय न्यून रहेको अवस्थामा यस प्रकारका खर्च गर्नै पर्ने वाध्यात्मक अवस्था देखिएन । यस्ता कार्यमा गाउंपालिकाले खर्च गर्ने निर्देशिका समेत तयार नगरी माग अनुसार रकम भुक्तानी गर्ने कार्य उचित देखिएन । यसप्रकार खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| भौ.नं. र मिति | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १९-२०७४/१०/१३ | रातोतारा युवा क्लव | २,००,०००/- |
| ४०-२०७४/१२/३० | ,, | २,८०,०००/- |
| ४१-२०७४/१२/३० | ,, | १,९२,०००/- |
| ४५-२०७५/१/११ | वाम्ती भण्डार महोत्सवको लागि सहयोग रामेछाप सामुहिक कालाकार समाज | २,४०,०००/- |
| ४६-२०७५/१/११ | वाम्ती भण्डार महोत्सवको लागि सहयोग रामेछाप सामुहिक कालाकार समाज | ३,३६,०००/- |
| १२-२०७४/१०/१५ | लिखु मुनी युवा क्लवको आयोजनामा सञ्चालन हुने खेलकूद कार्यक्रम | ५०००००/- |
| ६५-२०७५/२/८ | भुजीलिङ्गमा जाने खेलाडीलाई सहयोग | ४८०००/- |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १६१-२०७५/३/२८ | वडा नं. ५ ले वाम्ती भण्डारमा आयोजित पुरुष भलिवल प्रतियोगिताको लागि मोहन कुमार सुनुवारलाई सीपमूलक कार्यक्रमबाट भुक्तानी | ४८०००/- |
| १७०-२०७५/३/१८ | वडा नं. ३ ले वाम्ती भण्डारमा आयोजित पुरुष भलिवल प्रतियोगिताको लागि बाबुराम केसीलाई सीपमूलक कार्यक्रमबाट भुक्तानी | १९२०००/- |
| १९५-२०७५/३/१९ | वडा नं. १ रातोतारा युवा क्लव ऱ्याक प्रशिक्षण वापत | १४४००० |
| २१०-२०७५/३/२० | वडा नं. ३ पुरुष भलिवल प्रतियोगिता सिर्जनशील युवा क्लव | ५७६०००/- |
| | जम्मा | २७५६०००/- |

३३. **जिन्सी दाखिला** : कार्यालयले सञ्चालन गरेका कार्यक्रम अन्तर्गत खरिद भएका मालसामानको उचित संरक्षण हुने प्रवन्ध मिलाउनु पर्दछ । कार्यालयले देहाय अनुसार फर्निचर तथा प्रिन्टर लगायतका सामग्री विभिन्न संस्थालाई वितरण गर्ने गरी खरिद गरी भुक्तानी दिएको छ । खरिद गरिएका सामानहरु सम्बन्धित निकायले जिन्सी खातामा दाखिला गरेको प्रमाण संलग्न गरेको छैन । गाउंपालिकाले सहयोग गरेका सामाग्री जिन्सी दाखिला नहुंदा हिनामिना हुन सक्ने भएकोले दाखिला प्रमाण लिई नियमित गर्नुपर्ने रु. ९,०३,२००/-

| भौ.नं. र मिति | सहयोग पाउने संस्था | मालसामान | भुक्तानी रकम |
|---|---|---|---|
| १८८-२०७५/३/१९ | आधारभूत विद्यालय वाम्ती | फर्निचर तथा प्रिन्टर | ५७,६००/- |
| १९४-२०७५/३/१९ | महिला भवन | फर्निचर | २,८८,०००/- |
| १९६-२०७५/३/१९ | जनकल्याण आधारभूत विद्यालय | कम्प्यूटर र प्रिन्टर | ५७,६००/- |
| २९६-२०७५/३/२५ | वडा नं. १ स्थित स्वास्थ्य चौकी | बेड, फर्निचर, वेटिङ्ग मेशिन | ५,००,०००/- |
| | | **जम्माः** | **९,०३,२००/-** |

३४. **बिल बेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै कामको भुक्तानी दिंदा रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । भौ.नं. १८६ मिति २०७५।३।१९ बाट वडा नं. २ ले महिला लक्षित कार्यक्रम अन्तर्गत सुरक्षित मातृत्व वापत रु.१,००,०००।- र नारी दिवस वापत रु.५,०,०००।- भुक्तानी दिएकोमा ती कार्यक्रम सञ्चालन गरेको बिल भरपाई पेश गरेको छैन । कार्यक्रम गरेको आधार सहित खर्चको बिल भरपाई पेश नगरी भुक्तानी दिएको खर्च नियमित नदेखिएकोले आवश्यक प्रमाण पेश हुनुपर्दछ अन्यथा यसप्रकार भुक्तानी भएको खर्च नियमित नदेखिएको रु. १,५०,०००/-

३५. **विद्यालय अतिरिक्त क्रियाकलाप** : गाउंपालिकाले प्राप्त गरेको संघीय सरकारको अनुदानबाट पूंजी निर्माण हुने, रोजगारी सिर्जना हुने कार्यमा खर्च गर्नुपर्दछ । भौ.नं. ३६९ मिति २०७५।३।२५ बाट वडा नं. १ कार्यालयले विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गरेको उल्लेख गरी खाना खाजा चियामा रु.१,०५,०००।, ढुवानीमा रु.६०,०००।, स्टेशनरी रु.३३,९५०।, प्रमाणपत्र छपाई तथा व्यानरमा रु.५३,७००। र ५० थान झोला खरिद रु.९२,५००। का बिल संलग्न राखी वडा सचिवलाई रु.३,४५,०००। भुक्तानी गरेको पाइयो । अनुदानको उद्देश्य अनुसार कार्यक्रम सञ्चालन नगरेको अतिरिक्त झोला वितरण गरेको भरपाई पनि संलग्न गरेको पाइएन । अतः यसप्रकारको कार्यक्रमबाट पूंजी निर्माण नहुने देखिएकोले सो खर्च नियमित नदेखिएको रु. ३,४५,०००/-

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३६. | **छात्रवृत्रि** : गाउंपालिकाले सञ्चालन गर्ने कार्यहरुलाई व्यवस्थित गर्न स्थानीय सरकार ऐन, २०७४ अनुसार आवश्यक कानून तथा निर्देशिका तयार गरी सोको आधारमा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । यस गाउंपालिका अन्तर्गतका विभिन्न वडाले आफ्नो कार्यक्रमबाट छात्रवृत्ति वापत कुनै मापदण्ड, छात्रवृत्ति दिनुपर्ने आधार नराखी विद्यार्थीलाई छात्रवृत्ति दिएको पाइयो । यसप्रकार छात्रवृत्ति वितरण गर्दा लक्षित वर्गले पाउने नपाउने, छात्रवृत्ति दिनुपर्ने आधार र समानुपातिक वितरण हुन सक्ने देखिएन । साथै छात्रवृत्ति दिदां विद्यार्थीबाट स्थानीय तहले ती विद्यार्थी उत्तीर्ण भई सकेपछि संस्थासंग गर्नुपर्ने सम्झौता पनि गरेको छैन । यसप्रकार आ.व. अन्तमा वितरण गरिएको छात्रवृत्ति वापतको भुक्तानी नियम सम्मत नदेखिएको रु. | ४,२६,०००/- |

| भौ.नं. र मिति | वडा नं. | छात्रवृत्ति वितरण | संख्या | रकम |
|---|---|---|---|---|
| २९१-२०७५/३/२१ | ६ | प्रमाण पत्र तह नर्सिङ्ग तथा कृषि विज्ञान अध्ययन गर्ने विद्यार्थी | ३ जना | १,४२,०००/- |
| २९२-२०७५/३/३१ | १ | विविएस प्रथम वर्षमा अध्ययन गर्ने विद्यार्थी | १ जना | १,४२,०००/- |
| २९६-२०७५/३/३१ | ३ | कुनै विद्यालयमा भर्ना भएको प्रमाण नराखेको | ३ जना | १,४२,०००/- |
| | | | जम्माः | ४,२६,०००/- |

उपरोक्तमध्ये वडा नं. ३ ले ३ जना विद्यार्थीलाई छावृत्ति प्रदान गरेकोमा सम्बन्धित कलेज वा क्याम्पसमा भर्ना भएको प्रमाण समेत नराखी १०+२ पास गरेको प्रमाण राखी २ जना विद्यार्थीलाई तथा एस.ई.ई. पास गरेका १ विद्यार्थीलाई रु.४७,३३३। का दरले भुक्तानी दिएको छ । साथै वडा नं. १ ले विविएस प्रथम वर्षमा अध्ययनरत १ विद्यार्थीलाई रु.१,४२,०००। नै भुक्तानी दिएको छ । यसप्रकार मापदण्ड बेगर दिइने छात्रवृत्तिमा नियन्त्रण गर्ने र आवश्यकता बेगर प्रदान गरिएको भएमा त्यस्तो छात्रवृत्ति फिर्ता गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| ३७. | **इन्धन** : भौ.नं. २९८ मिति २०७५।३।३१ बाट एक पदाधिकारीले निलकण्ठेश्वर आयल स्टोरबाट ४६४ लि. इन्धन खरिद गरेको बिल राखी रु.४५,०००। सोधभर्ना लिएको पाइयो । सो इन्धन के कुन प्रयोजनमा खर्च भएको हो पुष्ट्याई सहित इन्धन खपतको भएको लगवुक पेश भएको छैन । खर्च पुष्टी हुने आधार बेगर भुक्तानी दिएको उक्त खर्च नियमित नदेखिएको रु. | ४५,०००/- |
| ३८. | **वितरणमुखी कार्यक्रम :** लक्षित समूहको कार्यक्रम संचालन गर्दा पूजी निर्माण सेवा प्रवाहमा गुणस्तरीय सुधार क्षमता वृद्धि हुने जस्ता मापन गर्न सकिने ठोस कार्यक्रम वा योजनामा मात्र विनियोजन एवं खर्च गर्नुपर्दछ । त्यस गाउपालिकाले देहाय अनुसार पूजी निर्माण मापन गर्न नसकिने वितरणमुखी कार्यक्रम सभावाट स्वीकृत गरी सञ्चालन गरेको देखियो । वितरणमुखी कार्यक्रमले पुजी निर्माणमा सहयोग नहुने क्षमता वृद्धि र सेवाको गुणस्तरमा कुनै योगदान दिन सहयोगी नहुने भएकोले यस प्रकारका कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम वनाई खर्च गर्ने पद्धती नियमसंगत देखिएन । वितरणमुखी कार्यक्रम संचालन गरी खर्च गरेका केही उदाहरणहरु देहाय अनुसार छन् : | |

| क्र.सं | भौ.नं./मिति | वडा | कार्य विवरण | वितरणको लागि खरिद गरेको सामानको विवरण | खर्च रकम |
|---|---|---|---|---|---|

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १७२-०७५/३/१८ | १ | अपाङ्ग लक्ष्यित कार्यक्रम | ५० थान ब्लाङ्केट वितरण | १९२००० |
| २ | १७७-०७५/३/१९ | २ | लक्ष्यित समुह कार्यक्रम | प्लाष्टिक कुर्सी तथा थाल वितरण | १५८६५२ |
| ३ | ३४२-०७५/३/२२ | गापा | नखुलेको | ६० थान व्याग | १२२०४० |
| ४ | २४७-०७५/३/२५ | ५ | खानेपानी | खानेपानी पाइप खरिद | ६७१६९ |
| ५ | २४८-०७५/३/२५ | ४ | जेष्ठ नागरिक अपाङ्ग लक्ष्यित कार्यक्रम | | ६९५०० |
| ६ | २६५-१०७५/३/२५ | १ | खानेपानी | खानेपानी पाइप ५४९९ मी खरिद | २००००० |
| ७ | २२७-०७५/३/२५ | ३ | खानेपानी | खानेपानी पाइप ५४९९ मी खरिद | २००००० |
| ८ | २९०-०७५/३/२५ | गापा | खानेपानी | खानेपानी पाइप १२३४० मी खरिद | ५०००४० |
| ९ | २६२-०७५/३/२५ | ३ | विपद व्यवस्थापन | त्रिपाल थाल कचौरा | ७५००० |
| १० | २६३-०७५/३/२५ | ३ | जेष्ठ नागरिक | लटठी दोसल्ला | ७३६०० |
| ११ | २६७-०७५/३/२५ | ६ | जेष्ठ नागरिक | नगद दोसल्ला खादा खाना खाजा | १५०००० |
| | | | | **जम्मा** | **१८०८००१** |

३९. **हेभी मेशिनरी साधन खरिद** - अर्थ मन्त्रालयवाट जारी भएको आर्थिक वर्ष २०७४।७५ को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको वुदा ११ मा आयोजनाको लागत अनुमान भित्र सवारी साधन खरिद गर्न समावेश गर्न नपाइने उल्लेख छ । यसैगरी गाउपालिकाले निर्माण व्यवसायी वा उपभोक्ता समुहवाट निर्माण नगराई आफैले नगर क्षेत्रभित्रका सवै सडकको ट्र्याक खोल्ने भएमात्र सोको कार्ययोजना वनाई सोअनुरुप हेभी मेशेनरी साधन खरिदगर्न सकिने अवस्था देखिन्छ ।गाउपालिकाका सवै वडा तथा मुख्य मुख्य व्यपारिक केन्द्र लगायतका मुख्य मुख्य नाकाहरु जोडने सडकको ट्र्याक खोल्ने कार्य लगभग सम्पन्न हुने क्रममा रहेको स्थिति र निर्माण व्यवसायी तथा उपभोक्ताले निर्माण गर्ने र निर्मित सडक उपभोक्ताहरुलाई हस्तान्तरण गरी उपभोक्तावाटै संचालन तथा मर्मतसम्भार गर्ने सार्वजनिक खरिद ऐनमा समेत व्यवस्था भएकोले हेभी मेशेनरी खरिद गर्न उपयुक्त देखिएन । तर यस गाउपालिकाको प्रथम सभावाट वजेट प्रस्ताव गरी वोलपत्रको माध्यमवाट टिपर १ रु.२६,२०,०००।०० तथा व्यकहो लोडर १ रु.३५,४५,०००।- समेत कूल रु.६१,६५,०००।- मा खरिद गरेको छ । यो अवस्थाले नेपाल सरकारवाट प्राप्त अनुदानको उपयोगवाट गाउपालिकाले भविष्यमा खासै उपलब्धी लिन नसकी संचालन मर्मत कार्यमा मात्र खर्च गर्नुपर्ने अवस्था समेतको सम्भावना रहेको छ । अत यस प्रकार यन्त्र उपकरण खरिद गर्ने तर ति मेशीनवाट कार्य गराउन नसकी उपभोक्ता समितिवाट निर्माण कार्य गराउने पद्धती देखिएकोले उक्त खरिद कार्य उपयुक्त देखिएन ।

४०. **मुल्य अभिवृद्धि कर दर्ता नभएकावाट खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा वढी रकमको मालसामान

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

खरिद वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाले देहाय अनुसारको खरिद कार्य मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएका फर्मवाट खरिद गरेको पाइयो । नियमको व्यवस्था अनुसार मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएका फर्मवाट गरेको खरिद कार्य नियमसंगत नदेखिएन । यस प्रकार खरिद गरेको केही उदाहरण निम्नानुसार छन् । यस प्रकारको खरिद गर्ने कार्यमा नियन्त्रण गरी कानूनी व्यवस्थानुसार गर्नुपर्दछ ।

| गोभौनं.मिति | विवरण | मुअक दर्ता नभएका फर्मको नाम | भूक्तानी रकम |
|---|---|---|---|
| १७२-०७५/३/१८ | ब्लाङकेट ५० थान खरिद | अनासिका वस्त्रालय मन्थली | १९२०००/- |
| १७२-०७५/३/१८ | त्रिपाल थाल कचौरा खरिद | न्यू भाडा पसल एण्ड सप्लायर्स | ७५०००/- |
| १७२-०७५/३/१८ | लट्ठी दोसल्ला | एशियन ट्रेडिङ इक्विपमेण्ट | ९६०००/- |
| | | **जम्मा** | **३६३०००** |

४१. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले देहाय अनुसारको काम उपभोक्ता समितिवाट सम्पन्न गरी भुक्तानी दिदा सम्झौतामा व्यवस्था गरिए वमोजिमको काम नभई घटी काम भएकोमा गाउपालिकाले संझौता वमोजिमको अनुपातिमा काम नभई घटी काम गरेकोमा संझौतमा वममोजिमको अनुपात आधार नलिई वढी भूक्तानी दिएको पाइयो । आनुपातिक कट्टा नगरी उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.५,२७,००२।- असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु. ५२७००२/-

| गो.भौ.नं. र मिति | कामको विवरण | कामको मूल्याङ्कन रकम | ल.इ तथा संझौतानुसार भुक्तानी हुनुपर्ने | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १९२-०७५/३/१९ | वडा कार्यालयको जग सम्याउने काम | ४३९४२५.३५ | ३८४०००/- | ४०००००/- | १६०००/- |
| २२९-०७५/३/२१ | च्यादलु डाडाखर्क सेतुधारा सडक | ३७४८३८३.९१ | ३३२२३५७ | ३३६००००/- | ३७६४३/- |
| २५४-०७५/३/३१ | कालो चौतारा गलम सडक | ३२९२२५१.४२ | २६११९८०/- | २९४२०००/- | ३३००२०/- |
| ३८८-०७५/३/३१ | जिदुकास्थली मध्यमार्गी सडक | ५४२६९९६.५४ | ४७६९४५९/- | ४८०००००/- | ३०५४१/- |
| १८५-०७५३/१९ | अजमडाडा वाम्ती सडक | ५४६८२९८.३१ | ४५३३२०२/- | ४६७००००/- | ११२७९८/- |
| | **जम्मा** | **१८३७५३५५.५३** | **१५६२०९९८/-** | **१६१७२०००/-** | **५२७००२/-** |

४२. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ (७) मा परामर्श दातासंग खरिद सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेश गर्नु पर्नेछ । म्यादभित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नु पर्ने समेत उल्लेख छ । गाउपालिकाले यो वर्ष परामर्शदातृ न्यू प्लानेट इन्जिनियरिङवाट प्रस्ताव माग गरी गाउपालिका भवनको विस्तृत सर्भेक्षण ड्रइङ डिजाइन तथा लागत अनुमान

| *वेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|
| | गर्नेकार्यको खरिद संझौता गरी कार्य गराएकोमा सो परामर्शदाताले निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेश गरेको छैन । नियमको व्यवस्था अनुसार पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) नलिई गरेका खरिद संझौता र गो.भौ.नं.३०३ मिति २०७५।३।३१ वाट रु.४९८३३०।०० भएको भुक्तानी नियमसंगत देखिएन । | |
| ४३. | **प्रधान मन्त्री कृषि कार्यक्रम :** यस कार्यक्रम अन्तरगत वरुण कृषि सहकारी संस्था प्रितीलाई ७ वटा आलु व्लक निर्माणको लागि सो संस्थाले पेश गरेको प्रस्ताव अनुसार कूल लागत रु.१५८९३३१।०० पेश गरेको छ । निजको सो प्रस्तावमा उल्लेखित कार्य भएको मुल्याङ्कन हुदा सो संस्थाले रु.१२,९६,०००।०० भुक्तानी पाउने गरी मिति २०७४।१२।२६ मा गाउपालिकाले संझौता भएको छ । उल्लेख गरिएको काम उक्त संस्थावाट रु.१५३५८९६।०० को लागतमा सम्पन्न भएको कामको मुल्याङ्कन पेश भएकोमा कार्यालयले गो.भौ.नं.१०२ मिति २०७५।३।२५ मा रु.१३,६०,०००।०० भुक्तानी दिएको छ । कार्यालयले अनुदान संझौता अनुसार भुक्तानी गर्न तोकिएको तोकिएको अनुपातवाट भुक्तानी नगरी संझौता भन्दा पनि वढी भुक्तानी दिएको देखियो । अत संझौतामा तोकिएको अनुपात भन्दा वढी भुक्तानी दिएको रकम उक्त संस्थावाट अशुल गरी क १ छ वेरुजु खातामा दाखिला गर्ने रु. | १०८०६२/- |
| | **स्वास्थ्यतर्फ** | |
| ४४. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एकलाख रुपैंयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । भौ.नं. १३ मिति २०७४।७।१३ बाट कार्यालयले रु.२,५७,७५५। को औषधि खरिद गर्दा इस्माइल मेडिसिन सप्लायर्सबाट ३ वटा कोटेशन माग गरी खरिद गरेकोमा कोटेशनमा औषधिको नाम नै उल्लेख नगरी दररेट कम गरी उक्त संस्थाबाट खरिद गरेको छ । यसरी दररेट नै उल्लेख नगरी इस्माइल मेडिसिनबाट खरिद गरेको रकम अनियमित देखिएको रु. | २,५७,७५५/- |
| ४५. | भौ.नं. ३२ मिति २०७४।१०।१५ बाट अ.न.मी. चौथो श्री सविना खातुनलाई श्रावण महिना देखि पौष महिनासम्मको मासिक रु.२२,१७०। का दरले रु.१,३३,०२०। भुक्तानी गरेकोमा निजले २०७४।५।१५ देखि ९।७ सम्म प्रा.स्वा. केन्द्र, महोत्तरीमा नै कार्यरत रहेकोमा पाउने पारिश्रमिक रकम सोही केन्द्रबाट नै भुक्तानी लिएको हुनुपर्नेमा गाउँकार्यपालिकाबाट भुक्तानी लिएकोले प्रा.स्वा.केन्द्रले पारिश्रमिक भुक्तानी नलिएको व्यहोरा जानकारी पत्रमा उल्लेख नभएकोले सोको प्रमाण पेश गर्ने अन्यथा भुक्तानी वापतको रकम दाखिला गर्नुपर्ने रु. | १,३३,०२०/- |
| ४६. | **शीर्षक फरक पारी खर्च लेखेको** :अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७३ को बुंदा नं. ३.३.२ खर्च शीर्षकको वर्गीकरण र व्याख्या बमोजिम कार्यालयमा विभिन्न कार्य प्रयोजनको लागि आवधिक वा पटक रुपमा करार सम्झौता गरी सेवा लिए वापत दिइने सेवा शुल्कलाई खर्च शीर्षक नं. २२४१२ अन्य सेवा शुल्कबाट भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न कामको लागि करार सम्झौता गरी वार्षिक रु.९,५७,४६७ खर्च शीर्षक नं. २११११ तलबबाट भुक्तानी गरेको देखिएकोले खर्च नियमित नदेखिएको रु. | ९,५७,४६७/- |
| ४७. | **प्रशिक्षकलाई बढी भुक्तानी** : अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ को बुंदा नं. ७.१.१५.(४) अनुसार तालिम केन्द्रहरु बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिममा स्रोत व्यक्ति, प्रशिक्षकको पारिश्रमिक तय भए अनुसार सम्बन्धित | ५४,७४०/- |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा भत्ता लिए वापतको पारिश्रमिक नपाउने र कार्यपत्र वापतको रकम मात्र पाउने तथा कार्यालय बाहेकको हकमा प्रशिक्षण तथा कार्यपत्र वापत दुवै पाउने व्यवस्था गरेको छ । तर कार्यालयले तोकिएको मापदण्ड विपरित तालिम कार्यक्रममा प्रशिक्षकलाई बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | |

| भौ.नं. र मिति | प्रशिक्षकको नाम | भत्ता संख्या | दिएको दर | भुक्तानी रकम | नर्म्स् अनुसार को दर | दिनुपर्ने रकम | बढी भुक्तानी भएको रकम (कर कट्टी पछिको) |
|---|---|---|---|---|---|---|---|
| २१३-२०७५/३/२५ | दुर्ग बहादुर शाही | ६ | १,२००/- | ७,२००/- | ७००/- | ४,२००/- | २,५५०/- |
| | दिनेश श्रेष्ठ | ६ | १,२००/- | ७,२००/- | ७००/- | ४,२००/- | २,५५०/- |
| १९९-२०७५/३/२४ | दुर्ग बहादुर शाही | ६ | १,२००/- | ७,२००/- | ७००/- | ४,२००/- | २,५५०/- |
| | दिनेश श्रेष्ठ | ६ | १,२००/- | ७,२००/- | ७००/- | ४,२००/- | २,५५०/- |
| १९०-२०७५/३/२३ | विमलकान्त यादव | ४२ | १,२००/- | ५०,४००/- | ७००/- | २९,४००/- | १७,८५०/- |
| ११७-२०७४/१२/२५ | दुर्ग बहादुर शाही | १५ | १,२००/- | १८,०००/- | ७००/- | १०,५००/- | ६,३७५/- |
| ११५-२०७४/१२/२५ | सन्तोषी चौधरी | ५ | १,५००/- | ७,५००/- | ८००/- | ४,०००/- | २,९७५/- |
| | सरिता बुढाथोकी | ३ | १,५००/- | ४,५००/- | ८००/- | २,४००/- | १,७८५/- |
| | ऋजु चुकाहा चौधरी | ७ | १,५००/- | १०,५००/- | ८००/- | ५,६००/- | ४,१६५/- |
| ८५-२०७४/११/२२ | विमलकान्त यादव | १६ | १,२००/- | १९,२००/- | ७००/- | ११,२००/- | ६,८००/- |
| २१२-२०७५/३/२५ | राजेन्द्र कुमार मल्ल | ३ | २,५००/- | ७,५००/- | ७००/- | २,१००/- | ४,५९०/- |
| | | | | | | | **५४,७४०/-** |

**कृषितर्फ**

४८. **म.ले.प.फा.नं. १८ बेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा गत वर्षको रकम भुक्तानी गर्न यस वर्षको कार्यक्रमलाई असर नपर्ने गरी बजेटले खामेमा म.ले.प.फा.नं. १८ (भुक्तानी दिन बांकीको कच्चावारी) प्रमाणित भएको अवस्थामा मात्र भुक्तानी गर्न सकिने व्यवस्था भएकोमा कार्यालयले ना.प्रा.स. दिनेश श्रेष्ठ, प्रेमराज सुनुवार, सुष्मा सुनुवारको २०७४ आषाढ महिनाको तलव खर्च भुक्तानी दिन बांकीको प्रमाणित कच्चावारी बेगर रु.६६,५१०। खर्च लेखेको नियम सम्मत देखिएन ।

४९. **पेश्की बांकी :** सामाजिक सुरक्षा भत्ता वितरण गर्न निम्नानुसार कर्मचारीहरुले पेश्की लिएकोमा हालसम्म फछ्र्यौट नगरी पेश्की बांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. — २,६२,७४,०००/-

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की बांकी रकम |
|---|---|---|
| १. | गणेश थापा | १,०१,२९,२००/- |
| २. | शेषराज गोले | २१,७२,०००/- |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३. | भुन बहादुर कुंवर | ७३,५३,६००/- |
| ४. | बेदराज काफ्ले | ३८,३४,०००/- |
| ६. | केशर बहादुर खत्री | २७,८५,२००/- |
| | **जम्माः** | **२,६२,७४,०००/-** |

५०. विरुवाहरु वितरण गर्दा कृषकको जग्गाको क्षेत्रफल अनुदानको उपयोग हुने गरी पारदर्शी रुपमा वितरण गरिएको हुनुपर्दछ । भौ.नं. १९३ मिति २०७५।३।२४ बाट कृषकहरुको जग्गाको क्षेत्रफल नतोकी अलैंची विजु विरुवा १,००,००० गोटा खरिद गरी वितरण गरेको छ । जग्गाको क्षेत्रफल अनुसार विरुवाहरु वितरण नहुंदा सही उपयोग नहुन सक्दछ । अतः विरुवाहरु वितरण गरिंदा आवश्यकताको पहिचान हुने गरी वितरण गरिएको हुनुपर्दछ । यसका केही उदाहरण निम्नानुसा रहेको छ :

| कृषकको नाम | विरुवा वितरण संख्या | रकम |
|---|---|---|
| रमेश वस्नेत, उमाकुण्ड ६ | २०० विरुवा | १,६००/- |
| मोहन कुमार सुनुवार, उमाकुण्ड ६ | ३,००० विरुवा | २४,०००/- |
| केदार श्रेष्ठ, उमाकुण्ड २ | ५०० बोट | ४,०००/- |
| राम बहादुर कार्की, उमाकुण्ड १ | १०,००० बोट | ८०,०००/- |

खरिद गरिएका अलैची विजु १ लाख विरुवामध्ये ९९,००० मात्र वितरण गरेको भरपाई पेश हुन आएकोले नपुग १,००० विरुवाको प्रति विरुवा रु.८। का दरले रु.८,०००। बढी खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने रु. ८,०००/-

५१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको विविध खर्च वापत खर्च लेखेकोमा सो खर्चलाई पुष्ट्याई गर्ने आधार प्रमाण पेश नभएको रु. २,८७,३९०/-

| भौ.नं. तथा मिति | विवरण | खर्च रकम |
|---|---|---|
| १३-२७४/६/६ | विविध खर्च | १०२६१०/- |
| ७५-२०७४/११/६ | विविध खर्च | १८४७८०/- |
| | **जम्माः** | **२,८७,३९०/-** |

**शिक्षातर्फ**

५२. **बढी निकासा** : हिमगंगा आधारभूत विद्यालय, कुमुकास्थलीमा कार्यरत शिक्षक बाल कुमार कार्की २०७५।२।१२ मा अवकाश भई पारिश्रमिक लिएकोमा निजले रु.२,३४,४८४। पाउनेमा रु.२,४६,६३२। निकासा भएकोमा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. ११,७४८/-

५३. **छात्रवृत्ति :** वाम्ती श्रोतकेन्द्र अन्तर्गत सिद्धश्वर उच्च मा.वि. लाई छात्रवृत्ति वापत छात्रा महिला तथा दलित कोटा समेत रु.५५,८००। निकासा जानुपर्नेमा रु.६३,०००। निकासा गएकोले बढी निकासा रकम असुल गर्नुपर्ने रु. ७,२००/-

५४. **पाठ्यपुस्तक** : यस कार्यक्रम अन्तर्गत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वापत निकासा गएकोमा विद्यार्थी संख्या र तोकिएको दररेट अनुसार निम्नानुसारका उच्च मा.वि. हरुलाई बढी निकासा गएको देखिएकोले असुल गर्नुपर्ने रु. ४१,९७४/-

| विद्यालयको नाम | विद्यार्थी संख्या | निकासा गएको रकम | जानुपर्ने रकम | फरक रकम |
|---|---|---|---|---|
| सिद्धश्वर उच्च मा.वि. | ३९४ | १८४५९४/- | १७७०११/- | ७,५८३/- |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| चण्डेश्वरी उच्च मा.वि. | ३२३ | १७०३५८/- | १३५९६७/- | ३४,३९१/- |
| | | **जम्माः** | | **४१,९७४/-** |

५५. **पोशाक खर्च :** पोशाक खर्च वापत निम्नानुसारका विद्यालयलाई दोहोरो भुक्तानी गएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. ९०,०००/-

| विद्यालयको नाम | शिक्षक/कर्मचारी संख्या | पोशाक भत्ता |
|---|---|---|
| देविश्वर प्रा.वि. | २ | १५००० |
| ताहान्थली प्रा.वि. | १ | ७५०० |
| कालिका देवी प्रा.वि. | ४ | ३०००० |
| मैदाने प्रा.वि. | १ | ७५०० |
| सेतीदेवी लाप्चाने प्रा.वि. | ४ | ३०००० |
| | **जम्माः** | **९००००/-** |

५६. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी कामकोजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र दिइएको पेश्की यस नियमावलीमा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैथरीको कर्तव्य हुने उल्लेख छ । भौ.नं. २२६ मिति २०७५।३।२५ बाट पदाधिकारी भत्ता वितरण गर्न रु.२,५०,०००। र परिषद सञ्चालन गर्न रु.३,५०,०००। पेश्की दिदा अनुमानित खर्चको विवरण पेश नगरेको अतिरिक्त २०७५।३।३१ मा पेश्की फछ्र्यौट गर्दा जनाई ५ वटा बैठक वापत ३ जना अध्यक्ष, उपाध्यक्ष र प्र.प्र. अधिकृत र केही वडाध्यक्ष र सदस्यले बुझेको भरपाई पेश गरेको छ तर वैठकको माइन्यूट पेश गरेको छैन । वैठकमा सहभागी ३९ जनाको नाम समावेश गरी जम्मा रु.१,८४,५००। खर्च लेखेकोमा केही पदाधिकारीको भत्ता बैङ्क दाखिला गरी दिएको छ भने रु.४२,०७५।-हस्ते गरी बुझि लिएको छ । भत्ता वितरण वापत पेश्की रु.२,५०,०००।-वाट १,८४,५००-। कटाई रु.६५,५००।- नपुग देखिएकोछ । यसैगरी परिषद सञ्चालन गर्न लिएको रकम रु.३,५०,०००।- पेश्की फछ्र्यौट गर्दा सभाका सहभागी पदाधिकारीहरु समेत संलग्न रहेको माइन्यूट पेश गरेको छैन भने विविध खर्च वापत एउटै मिति २०७५।३।२५ मा विभिन्न व्यक्तिहरुलाई खाजा खाना खुवाएको ठाडो भरपाइ राखी रु.३,५०,०००।- को फाटवारी संलग्न गरी पेश्की फछ्र्यौट गरेको छ । यसले गर्दा उक्त पेश्की फछ्र्यौट हुने प्रमाण पेश हुन सकेन । अत उल्लेखित खर्च प्रमाणित हुने आधार पेश गर्नुपर्ने देखिएको रु. ६,००,०००/-

५७. **खर्चको मापदण्ड नबनाएको** : गाउंपालिकाले वर्षभरीमा खाजा, खाना, इन्धन तथा गाडी भाडामा खर्च गरेको विवरण पेश गरेको छ । खर्च रकम सम्बन्धमा गाउंपालिकाले मापदण्ड बनाएको पाइएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।

५८. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एकलाख रुपैंयाभन्दा बढी रकमको सोझै खरिद गर्दा कम्तिमा ३ वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न फर्निचर एण्ड फिक्चर्सका सामग्रीहरु खरिद गर्दा कोटेशन लिइएका सामग्रीहरुको स्पेसिफिकेशन (गुण, नाप, आकार, क्षमता आदि) नखोली खरिद गरिएको कोटेशन माग गरिएका पार्टीहरुको तुलनात्मक तालिकामा फरक फरक दर उल्लेख गरेको, स्पेसिफिकेशन समेत नखोली विना आधार कम दररेट

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | भएको पार्टी सापकोटा स्टोर्सले पेश गरेको बिल रकम रु.२,२७,५८२।- को भुक्तानी गरेको देखियो । यसरी खरिद गरेको रकम अनियमित नदेखिएको रु. | २,२७,५८२/- |
| ५९. | **भाडाकर दाखिला नगरेको :** (गो.भौ.नं २६४ मिति २०७५।३।२५) प्राविधीक दुर्गा वहादुर शाहीले पेश गरेको कृषि सामाग्री ढुवानीको फाटवारीमा ढुवानी भाडामा १० प्रतिशत भाडाकर कटाई सम्वन्धित पार्टीलाई भुक्तानी दिएको छ । निजले यसरी कट्टा गरेको कर राजश्व खातामा दाखिला गरेको भौचर पेश नगरेकोले सो कर दाखिला भएको एकिन भएन । अत दाखिला नगरेको कर सम्वन्धितवाट अशुल गर्ने रु. | १००००/- |
| ६०. | भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(९) अनुसार आफु खुशी निवेदन दिई काजमा खटिएको कर्मचारीले यस नियम बमोजिम सुविधा नपाउने र यसरी काजमा खटिएको व्यहोरा भ्रमण आदेशमा समेत खुलाउनु पर्ने व्यवस्था गरेको छ । भ्रमण आदेशमा कार्यालयको कामको सिलसिला उल्लेख गरी कार्यक्रमसंग असम्बन्धित कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी गरेको, कार्यालयको कार्य प्रयोजन बेगर गाउँकार्यपालिकाबाट पटक पटक दैनिक भ्रमण भत्ता खर्च लेखी भुक्तानी भएको देखिएको छ । निश्चित उद्देश्य बाहेक दैनिक तथा भ्रमण भत्ता वापत लेखिएको खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको छ । यसका केही उदाहरण निम्नानुसार छन् : | |

| भौ.नं. र मिति | भुक्तानी रकम | व्यहोरा | मिति |
|---|---|---|---|
| २८-०७४/७/२१ | १०,०००/- | कार्यालयको काम | २०७४/६/६ - ६/११ |
| ९३-०७४/११/२२ | ९१००/- | अनुगमन गर्ने | २०७४/९/२२ - ९/२८ |
| | ९१००/- | ,, | २०७४/९/१३ - ९/१९ |
| | ३४०००/- | कार्यालयको काम | २०७४/१०/६ - १०/१३, २०७४/९/४-९/९ २०७४/१०/२३ - १०/२८, २०७४/११/४ - ११/११, |
| | ११६००/- | ,, | २०७४/१२/१६ - १२/२२, २०७५/१/२० -१/२६ |
| ११२-०७४/१२/२२ | १००००/- | लेखा सम्बन्धी कामकाज गर्न | २०७४/१०/२२ - १०/२९ |
| १०२-०७५/३/२२ | ६२००/- | पोषण कार्यक्रम लेखाजोखा | २०७४/१२/५ - १२/९ |
| | ८०००/- | स्वास्थ्य व्यवस्थापन समितिसंग अन्तरक्रिया | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६१. | **आ.ले.प वेरुजु :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ९७ मा आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको प्रमाण जुटाई अन्तिम लेखापरीक्षण हुनु अघि विशेष कारण परी फछ्र्योट हुन नसकेमा सो कुरा समेत उल्लेख गरी अन्तिम लेखापरीक्षक समक्ष लिखित स्पष्टीकरण दिनु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणवाट औंल्याएका देहाय अनुसारका वेरुजुहरु अन्तिम लेखापरीक्षण पूर्व नियमानुसार फछ्र्योट नगरी वांकी रहेको हुदा कानून वमोजिम नियमित तथा अशुल फछ्र्योट गर्नुपर्दछ । | |
| ६१.१. | **आन्तरीक आय असुली एकिन गर्नु पर्ने :** चालु आ.व. ०७४।७५ मा उमाकुण्ड गाउँपालिकाको आन्तरीक आय रु.११,९४,१६४।- असुल भएको भनि बैंक दाखिला गरेकोमा कार्यालयको श्रेस्तासाथ कुन कुन मितिमा कुन कुन शीर्षकबाट यस प्रकारको आन्तरीक राजश्व असुल | |

| *वेरुजु दफा* | *लेखापरीक्षणवाट देखिएका व्यहोरा* | *रकम* |
|---|---|---|
| | भएको हो भन्ने बारे उल्लेख भएको छैन । कार्यालयलाई वडा कार्यालय मार्फत आन्तरीक आय असुली गर्ने प्रयोजनका लागि रसीद नियन्त्रण खाता मुताबिक प्रयोगमा ल्याएका नगदी रसीद को ठेली(कार्यालय प्रति) सम्बन्धितसँग माग गरि कार्यालयले चालु आ.व.मा असुल गरेको आन्तरीक आयको एकिकृत हिसाव एकिन गर्न सुझाव गरिन्छ । | |
| ६१.२. | **साविकका गाविसहरुको वेरुजु रकम गा.पा.को लगतमा सार्नु पर्ने :** चालु आ.व.०७३।७४ को दोश्रो चौमासिक सम्म अस्तित्वमा रहेका साविकका गाविसहरु (गुम्देल,बाम्ती, कुभुकाँस्थली,प्रिती, भुजी र गुप्तेश्वर ) हालको पुनरसंरचित उमाकुण्ड गाउँपालिकामा समाविष्ट भइसकेकोले त्यो अवधिसम्म ती गाविसहरुमा फछ्र्यौट हुन बाँकी पेश्की वेरुजु लगायत अन्य सवै प्रकारका वेरुजु हिसावको एकिकृत विवरण तयार गरि गाउँपाालिकाको लगतमा सार्नु पर्नेमा सो नगरेको पाइएकोले शीघ्र वेरुजु लगत तयार गरि प्रचलित नियमानुसारको वेरुजु अभिलेख खातामा अभिलेख राख्न र उक्त वेरुजु फछ्र्यौटको प्रकृया अघि बढाउन व्यवस्थापनलाई सुझाव गरिन्छ । | |
| ६१.३. | **लिलाम विक्री गर्नु पर्ने मालसमान सम्बन्धमा :** हाल प्रचलनमा रहेको आर्थिक प्रशासन नियमावली बमोजीम जिन्सी निरीक्षण प्रदिवेदनमा उल्लेखीत बेकम्पा भई काम नलाग्ने देखिएका मालसामानहरु लिलाम बिक्रि गर्ने, मर्मत गर्नु पर्ने मालसामान मर्मत गर्ने, आम्दानी नबाँधिएका जति तुरुन्त आम्दानी बाध्ने कर्तव्य अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख भएकोमा चालु आ.व.को अवधिभर यस कार्यालयले लिलामको लागि कुनै पनि प्रकृया अगाडी बढाएको पाईएन । | |
| ६१.४. | **मालसामानको भौतिक परीक्षण सम्बन्धमा :** प्रचलित आर्थिक प्रशासन नियमावलीमा व्यवस्था भएको जिन्सी निरीक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले प्रचलित व्यवस्था बमोजीम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले १ वर्षमा कम्तीमा १ पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्रतिनिधीद्वारा निरीक्षण गरि वा गर्न लगाई त्यसको प्रतिवेदन लिखितरुपमा लिने व्यवस्था गर्नु पर्दछ । यसरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आँम्दानी बाँध्न छुट भएको मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्दछ भन्ने उल्लेख छ । यस सन्दर्भमा देहाय अनुसार भएको पाईयो-<br>● जिन्सी निरीक्षण प्रतिवेदनले मर्मत गर्दा पनि प्रयोगमा आउन नसक्ने भनि औल्याएका कार्यालय सामानहरु प्रचलित नियमानुसार लिलाम तथा मिनाहाका लागि आवश्यक प्रकृया अघि बढाइनु पर्ने,<br>● लामो समयदेखि पुर्व कर्मचारीहरुले वुझि लगेका विभिन्न सामानहरु अविलम्ब कार्यालयमा फिर्ता गराउनका लागि कारवाहीको प्रकृया अघि बढाउनु पर्ने, | |
| ६२. | **वित्तीय जवाफदेहिता मूल्यांकन** : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा यस कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन, विकास निर्माण सम्बन्धमा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ६१ अंक प्राप्त गरी ग्रेड अनुसार वि तह प्राप्त गरेको छ । | |
| ६३. | **बेरुजू :** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१७ लाख ७८ हजार, अनियमित बेरुजू रु. ७२ लाख ९३ हजार, प्रमाण कागजात पेश नभएको रु. १० लाख २० हजार र पेश्की बेरुजू रु.२ करोड ६२ लाख ७४ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट कुनै बेरुजू फछ्र्यौट नभई रु.३ करोड ६३ लाख ६५ हजार बेरुजू | |

<table>
<tr><th>वेरुजु दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td><br>६४.<br><br><br><br><br><br><br><br><br><br>६५.</td><td>कायम भएको छ ।<br><br>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२) घ मा ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाउपालिकाले गत वर्षको वेरुजु रु.फछ्र्यौट गरेको पाईन । नियमको व्यवस्था अनुसार नियम.मित वेरुजु फछ्र्योट नगर्नाले वेरुजुको मात्रा वढ्दै जाने र आर्थिक अनुशासन कायम नरहेन हुदा कानूनको व्यवस्था अनुसार गर्नु गराउनु पर्दछ । गत वर्ष सम्मको कार्यालयले देखाएको वेरुजुको स्थिति निम्नानुसार देखिएको छ :<br>(रु.हजारमा)
<table>
<tr><th>गत वर्षको बेरुजु रकम</th><th>यो वर्ष फछ्र्यौट</th><th>बाँकी</th></tr>
<tr><td>४३,६२</td><td>१,४३</td><td>४२,१९</td></tr>
</table>
अद्यावधिक बेरुजु स्थिति : उमाककुण्ड गाउपालिकको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :<br>(रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु.</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु.</th><th>यो वर्षको कायम बेरुजु रु.</th><th>बाँकी रु.</th></tr>
<tr><td>४२,१९</td><td>०</td><td>३,६३,६५</td><td>४,०५,८४</td></tr>
</table>
उल्लेखित वेरुजुहरु गाउँपालिकाले कानून वमोजिम कारवाही गरी असुल फछ्र्यौट गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

**अनुसूची - १**

## उमाकुण्ड गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | रामेछाप | उमाकुण्ड गाउकार्यपालिकाको कार्यालय | ३० | ३७ | ३६,३६५ | ० | ० | ० | ३० | ३७ | ३६,३६५ | १,७७८ | ७,२९३ | १,०२० | - | - | १०,०९२ | २६,२७४ | - | २६,२७४ |

**अनुसूची - २**

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | उमाकुण्ड गाउकार्यपालिकाको कार्यालय | रामेछाप | ५,६२१ | १६६,३३४ | १४३,०३९ | ५८४ | ३०९९५७ | ८२२६६ | १४४३३५ | ६८११९ | २९४,७२० | २०,८५८ |